# प्राविधिक टिप्पणी : कोरोना महामारीको बेलामा बालबालिकाको सुरक्षा (..)

## परिचय

कोभिड-१९ जस्ता संक्रामक रोगले बालबालिकाको हुर्कने र क्षमताको विकास हुने वातावारणलाई अस्तव्यस्त पार्न सक्दछ । परिवार, साथीसंगत, दैनिक व्यवहार र समग्र समुदायमा आउने अस्तव्यस्तताले बालबालिकाको स्वास्थ्य, विकास एवं सुरक्षामा नकरात्मक प्रभाव पार्न सक्दछ । यसका अतिरिक्त, कोभिड १९ फैलन सक्ने संभावनाको रोकथाम र नियन्त्रणका लागी अवलम्बन गरिएका सुरक्षात्मक उपायहरुले बालबालिकालाई संरक्षण सम्बन्धी जोखिमहरुमा पार्न सक्ने संभावना पनि रहन्छ । घरधुरी, सुविधा र क्षेत्रगत रुपमा आधारित क्वारेन्टाईन र अलगीकरणका प्रबन्धहरुले बालबालिका र तिनीहरुको स्वास्थ्यमा नकरात्मक असर पार्न सक्दछ । [ञ]


यस आलेखको उद्देश्य बालबालिकाको संरक्षणका काम गर्ने व्यवसायिक व्यक्तिहरुका लागी कोभिड -१९ महाव्याधीको बेलामा बालबालिकाको संरक्षणसँग सम्बन्धीत जोखिमहरुलाई सहि ढंगले सामना गर्न सहयोग गर्ने हो । यस आलेखको भाग १ मा कोभिड १९ का कारणले बालबालिकामा पर्न सक्ने संभाव्य सुरक्षासँग सम्बन्धीत जोखिमहरुका बारेमा उल्लेख गरिएको छ । भाग २ मा मानवीय कार्यहरुमा बालबालिकाको संरक्षणका लागी पालना गर्नुपर्ने न्युनतम मापदण्ड -२०१९ अनुरुप कार्यन्वयन गर्न सकिने कार्यक्रमहरु र संक्रामक रोगहरु फैलिएको बखतमा बालबालिकाको सुरक्षा सम्बन्धी मार्गनिर्देशनात्मक टिप्पणी लाई समावेश गरिएको छ ।

## १. कोरोना भाईरस र बालबालिकाको सुरक्षाको सन्दर्भ

कोभिड १९ ले बालबालिका रहने बस्ने अवस्थालाई निकै नै छिटो परिवर्तन गर्न सक्दछ । स्कुल बन्द, आवात जावतमा बन्देज जस्ता क्वारेन्टाईन सम्बन्धी व्यवस्थाहरुले बालबालिकाको दैनिक व्यवहार तथा सामाजिक सुरक्षा आदिमा अस्तव्यवस्तता को सृजना गर्न सक्दछ । यसका साथै यसका कारणले नयाँ शिशु स्याहारको विकल्प खोज्नुपर्ने अभिभावक र कामविहिन भएका शिशु स्याहारकर्मीहरुमा तनाव थप्न सक्दछ । रोग नियन्त्रणका लागी लागु गरिएका व्यवस्थाहरुले लैगिंक आवश्यकता एवं संवेदनशीलतालाई ख्याल नगर्दा महिला एवं बालिकाहरुमा संरक्षण सम्बन्धी जोखिमहरु बढ्न सक्छ र त्यसले जोखिमपूर्ण उपयाहरु प्रयोग गर्ने अवस्था तर्फ पुऱ्याउन सक्दछ ।

### १.१ कोभिड १९ को सामाजिक तथा वातावरणीय प्रभाव

[1] सुझाईएको नामः ......................................................................., प्राविधिक टिप्पणी : कोरोना भाईरस महाव्याधीको बेलामा बालबालिकाको संरक्षण , संस्करण १, मार्च २०१९




## १.२. वालवालिका संरक्षण सम्बन्धी जोखिमहरु

बालबालिका संरक्षण सम्बन्धी जोखिमहरु र यसभन्दा पहिले संक्रामक रोगहरु फैंलदा देखिएका र अब देखिन सक्ने संभाव्य केही जोखिमहरुलाई निम्न तालिकामा उल्लेख गरिएको छ :

| **कोभिड १९ का कारणले हुन सक्ने जोखिमहरु र तिनका नियन्त्रणका उपायहरु** | **जोखिमका कारणहरु** |
|---|---|
| बालबालिकाको सुरक्षा सम्बन्धी जोखिम : शारीरिक तथा भावनात्मक दुर्व्यवहार | |
| • हेरचाहमा कमी आउने र बालबालिका उपर हेलचेक्र्याई | • स्कुल तथा शिशु स्याहर केन्द्र बन्द हुने, स्याकरकर्ताहरुले निरन्तर रुपमा काम गर्नुपर्ने |

| कोभिड १९ का कारणले हुन सक्ने जोखिमहरु र तिनका नियन्त्रणका उपायहरु | जोखिमका कारणहरु |
|---|---|
| • बालबालिका उपर हुने दुर्व्यवहार एव घरायसी एवं व्यक्तिगत हिंसामा वृद्धि<br>• विषाक्त वस्तुबाट उत्पन्न हुने तथा शारीरिक चोकपटक जस्ता जोखिमहरु<br>• वालवालिका संरक्षण सम्बन्धी सेवामा चाप बढ्ने वा पहुँच नहुने | व्यवस्था, स्याकरकर्ताहरु विरामी हुने वा क्वारेन्टाईनमा वा छुट्टै एकान्तवासमा बस्नुपर्ने अवस्था<br>• स्याहारकर्ता तथा समुदायका सदस्यामा मनोसामाजिक चाप बढ्ने ।<br>• विषाक्त संक्रमण निरोधकको तथा अल्कोहलको सहज उपलब्धताका कारणले दुरुपयोगको संभावना बढ्ने ।<br>• कुनै अप्रिय घटना भएमा सो को रिपोर्टिंग गर्न अवरोध हुने |
| **बालबालिकाको सुरक्षा सँग सम्बन्धीत जोखिमहरु : लैङ्गिक हिंसा** | |
| • बालबालिकाहरु उपर यौन शोषणको जोखिमहरु बढ्ने, सहयाता यौन सम्पर्क सँग साटिने, व्यापरिक कारणले शारीरिक शोषण हुने, करकापमा बालविवाह हुने ।<br>• लैगिंक हिंसा विरुद्ध दिईने सेवा/बालबालिकाको सुरक्षा सम्बन्धी सेवाहरु मा चाप बढ्ने / वा यस्ता सेवाको पहुँच नहुने । | • बालबालिकालाई परिवारले गर्ने सुरक्षामा कमी आउने ।<br>• घरपरिवारको आय कमी हुनु/ खाद्यान्नको आपूर्तीका लागी बाहिरका व्यक्तिहरुसँग वस्तुको ढुवानी तथा सेवाको प्रवाहका लागी आश्रित हुनुपर्ने अवस्था ।<br>• बालिका (महिला) भएकै कारणले घरपरिवारका सदस्यको हेरचाह र घरधन्दा जति सम्पूर्ण बालिकाहरुलाई नै थोपरिदिने अवस्था आउन सक्ने ।<br>• लैंगिक हिंसाको घटनाहरु सम्बन्धीत सूचनाहरु सम्बन्धीत निकायमा जाहेर गर्ने, औषधी उपचार वा अन्य सहयोग आदिमा आउने बाधा अड्चनहरु बढ्न सक्ने । |
| **बालबालिकाको सुरक्षा सँग सम्बन्धीत जोखिमहरु : मानसिक स्वास्थ्य तथा मनोसामाजिक तनाव** | |
| • आफन्तहरुको मृत्यु, बिरामी भएको अवस्था वा छुट्टिएर बस्नुपरेको अवस्था वा रोगको डर आदिले बालबालिकामा मानसिक तनाब बढ्ने<br>• पहिले देखि नै रहेको मानसिक स्वास्थ्य समस्या झनै बिग्रन सक्ने । | • अलग भएर बस्नुपरेको अवस्था वा रोगको डर आदिले बालबालिकामा मानसिक तनाब हुने ।<br>• पहिले देखिनै मानसिक समस्या भोगीरहेका बालबालिका, तिनका परिवारका सदस्या वा |

| **कोभिड १९ का कारणले हुन सक्ने जोखिमहरु र तिनका नियन्त्रणका उपायहरु** | **जोखिमका कारणहरु** |
|---|---|
| • मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहायता संजालमा को सेवा प्रवाहमा चाप बढ्ने वा त्यस्ता सेवाहरुमा पहुँच नहुने । | हेरचाह गर्ने व्यक्तिले सधैँ पाईरहेको सहयोग तथा उपचार प्राप्त गर्न रोकावट आउने वा त्यस्ता सहयोगको पहुँच गाह्रो हुने ।<br>• क्वारेन्टाईनका लागी गरिएका व्यवस्थाहरुले विशेषगरी बालबालिकामा र सम्पूर्ण समुदायमा के भईरहेको छ सो को जानकारी नहुँदा डर त्रास र भयको वातावरण बन्न सक्ने । |
| **बाल श्रमिक को सूरक्षा सम्बन्धी जोखिमहरु** | |
| • बालबालिकालाई जो जोखिमपूर्ण काममा लगाउने वा उनीहरु उपर हुने श्रम शोषणमा वृद्धि हुने | • घरपरिवारको आम्दानीको श्रोत गुम्न सक्ने वा आम्दानी घट्न सक्ने ।<br>• स्कुल बन्द भएका कारणले खाली रहने हुँदा सो खाली समयलाई काम गर्ने अवसरको रुपमा लिने प्रवृत्ती बढ्ने । |
| **हेरचाहकर्ता विहिन र बाबु आमा सँग छुट्टिएर बसेका महिलाहरुको सुरक्षा सम्बन्धी जोखिमहरु** | |
| • बाबुआमासँग छुट्टिएर बस्नुपर्ने अवस्था<br>• हेरचाह गर्ने व्यक्ति नहुने वा बच्चा आँफैले घरपरिवारको मुख्य व्यक्ति भई जिम्मेवारी लिने अवस्था आउनु<br>• घरपरिवार भन्दा बाहिर छुट्टै संस्थामा बस्नुपर्ने । | • रोगका कारणले अभिभावक/हेरचाहकर्ता को मृत्यु हुने अवस्था<br>• हेरचाहकर्ता बालबालिका सँग बस्न नपाई छुट्टै क्वारेन्टाईन वा एकान्तवासमा बस्नुपर्ने अवस्था<br>• बालबालिकालाई आफ्ना अभिभावक रहेको स्थान भन्दा बाहिर छुट्टै संक्रमणबाट सुरक्षित स्थानमा पठाईएको अवस्था । |
| **सामाजिक बहिस्करणले सृजना गर्ने बालबालिकाको सूरक्षा सम्बन्धी जोखिमहरु** | |
| • संक्रमित व्यक्ति र संक्रमण भएको शंका गरिएका व्यक्ति र समुहलाई सामाजिक रुपमा फरक व्यवहार हुन सक्ने ।<br>• सडकमा काम गर्ने र बस्ने बालबालिकालाई संक्रमण हुने खतरा बढ्ने र आवश्यक सहायतामा कमी आउने ।<br>• कानून उल्लघंनका कारणले कारावही भोगिरहेकाला वा थुनामा रहेका | • संक्रमित व्यक्ति र संक्रमण भएको शंका गरिएका व्यक्ति र समुहलाई हुने सामाजिक तथा जातीय विभेद हुने अवस्था ।<br>• सामाजिक रुपमा अति कमजोर र सिमान्तकृत जनसंख्यामा बढी प्रभाव पर्ने अवस्था ।<br>• जोखिममा रहेका बालबालिका वा तिनीहरुको |

| कोभिड १९ का कारणले हुन सक्ने जोखिमहरु र तिनका नियन्त्रणका उपायहरु | जोखिमका कारणहरु |
|---|---|
| बालबालिकामा जोखिम बढ्ने तथा तथा आवश्यक सहायतामा कमी आउने । | परिवारलाई आधारभूत सेवाहरु बन्द भई समस्यामा पर्ने तथा आवश्यक सेवाहरुको पहुँचमा सिमतता आउने अवस्था ।<br>• क्वारेन्टाईनका कारणले जन्मदर्ता सम्बन्धी प्रकृयामा अवरोध आउने । |

## २. बालबालिकाको सुरक्षाका लागी गुर्नपर्ने कामहरुः

कोभिड १९ बाट आईपरेका समस्याहरुको सामना गर्दा मुख्य प्राथमिकताको रुपमा सरकारसँग मुद्दाहरुको सामना गर्ने, अन्य क्षेत्र तथा कार्यरत व्यक्तिहरुसँग सहकार्य गर्ने र बालिबालिकाको सुरक्षाका लागी केन्दित् कार्यक्रमहरुको तर्जुमा गरी लागु गर्नु पर्दछ ।

### २.१ अन्य क्षेत्र तथा त्यहाँ कार्यरत व्यक्ति तथा सरकारसँग सहकार्यमा काम गर्ने ।

मानवीय कार्यका दौरान बालबालिकाको सुरक्षा सम्बन्धी न्युनतम मापदण्ड (सिपिएमएस) मा चर्चा गरिए अनुसार “संक्रामक महामारीको निवारण तथा यसका दौरान सहायता सम्बन्धी कामहरु गर्दा विभिन्न क्षेत्र बिचमा आपसी समन्वय र सहकार्य आवश्यक हुन्छ ।” बहुक्षेत्रीय सहकार्य सम्बन्धी कार्यहरुले - (अ) बालबालिका तथा तिनका हेरचाहकर्ताहरुको आवश्यकताहरुलाई समष्टिगत ढंगले सम्बोधन गर्दछ, (आ) र, राम्रो प्रभाव पार्दछ । बाल सुरक्षाका क्षेत्रमा काम गर्ने पक्षले धार्मिक नेता र स्थान विशेषका परम्परागत रुपमा नेतृत्व गर्दै आएका व्यक्तिहरु सँग सहकार्य गर्न सकिने अवस्थालाई पनि विचार गर्नुपर्दछ । बहुक्षेत्रीय हस्तक्षेप सम्बन्धी कार्यहरु गर्दा देहायका विषयहरुलाई प्राथमिकतामा राख्नुपर्दछ ।

- बालबालिकाको सुरक्षा सम्बन्धी विषयलाई अद्यावधिक गर्न तथा समस्याहरुलाई सम्बन्धीत निकायहरुमा जानकारी गराउनका लागी सामान्य कार्यविधि को व्यवस्था गर्ने ।
- बालबालिकाहरुमा हुने पारिवारिक विछोड अन्य जोखिमहरुको निवारण तथा न्युनीकरणका लागी स्पष्ट प्रोटोकलको व्यवस्था गर्ने ।
- रोगका कारणले आउन सक्ने सामाजिक लांछना तथा बहिस्करण न्युनीकरण गर्ने ।
- महामारी फैलिँदा बालबालिकाहरु पर्न सक्ने विभिन्न किसिमका जोखिमहरुको पहिचान र त्यसले पार्ने पभाव समेतलाई सम्बोधन गर्न सक्ने स्पष्ट सूचना, जानकारीहरु समन्वयात्मक ढंगले समुदायमा पुऱ्याउने संयन्त्रको व्यवस्था गर्ने ।

सरकारसँग काम गर्दा, बालबालिका सुरक्षाका लागी काम गर्ने व्यक्तिले सरकारसँग कोभिड-१९ को सामना गर्न का लागी कार्यन्वयन गरिएका वा गर्न लागिएका व्यवस्थाहरु विश्व स्वास्थ्य संगठनका सुझावकर्ता, अन्तराष्ट्रिय मापदण्ड, मानव अधिकारमा आधारित, विभेदरहित तथा समानुपातिक बनाउनका लागी वकालत गर्नुपर्दछ ।

## स्वास्थ्य (सिपिएमएस मापदण्ड २४)

- जोखिममा रहेका बालबालिका तथा तिनका परिवारले निशुल्क स्वास्थ्य सेवा प्राप्त गर्ने मागको वकालत गर्ने ।
- स्वास्थ्य क्षेत्रको मुल्यांकन तथा अनुगमन सम्बन्धी कार्यमुलक व्यवस्थाहरुमा बालसुरक्षा सम्बन्धी सवालहरुलाई पनि समावेश गर्नका लागी आवश्यक समन्वय गर्ने ।
- बालसुरक्षा तथा स्वास्थ्य सेवा सम्बन्धी निकायमा बालबालिकालाई राख्नका लागी जानकारी (रिफर गर्दा) दिँदा बालबालिकाले सुरक्षीत, उपर्युक्त र परिवारमा आधारित (यदि बालबालिका परिवारबाट छुट्टिएर बस्नुपर्ने भएमा) सेवा प्राप्त गर्ने कुराको सुनिश्चताका लागी सबैले प्रयोग गर्ने सामान्य कार्यविधिको व्यवस्था गर्ने ।
- बालबालिकालाई बालसुरक्षा तथा स्वास्थ्य केन्द्रमा राख्नुपर्ने भएमा बालबालिका त्यस्ता केन्द्रमा राख्दा वा त्यस्ता केन्द्रहरुबाट बाहिर राख्दा परिवारको एकता तथा छुट्टिएर बस्नुपर्ने अवस्थाहरु कम हुन् भन्ने कुराको सुनिश्चतता का लागी बालमैत्री कार्यविधि तयार गर्ने ।
- निश्चित समयका लागी छुट्टै बस्नुपरेका बालबालिकाहरुले तिनीहरुको अभिभावक तथा हेरचाहकर्ता सँग सुरक्षित र नियमित रुपमा संवाद गर्न मिल्ने व्यवस्था गर्ने ।
- स्वास्थ्य केन्द्र तथा स्वास्थ्य उपचारको पहुँच बालमैत्री गराउन, स्वास्थ्यकर्मीहरुलाई उपचारमा वा क्वारेन्टाईनमा रहेका बालबालिकाहरुसँग बालमैत्री तवरले संवाद गर्न र बालबालिकाको मनोसामाजिक अवस्था स्वस्थ बनाउनका विशेष व्यवस्था गर्नका लागी आवश्यक समन्वय गर्ने ।
- स्वास्थ्यकर्मीहरुका लागी बालबालिकाको सुरक्षा सम्बन्धी तालिम दिनका लागी सहयोग गर्ने (विशेषगरी बालबालिकाहरु उनीहरुको अभिभावक वा हेरचाहकर्ताबाट छुट्टिएर बसेको अवस्थामा) ।
- स्वास्थ्य केन्द्रहरुमा बालमैत्री गुनासो तथा सुझाव लिने संयन्त्रको स्थापना गर्ने ।
- लैगिंक हिंसाको घटना पश्चात स्वास्थ्य केन्द्रमा गरिने उपचार सम्बन्धी व्यवस्था र यसका लागी आवश्यक उपकरण तथा सामाग्रीहरु तोकिए बमोजिमको परिमाणमा व्यवस्था लागी स्वास्थ्य केन्द्रको क्षमता अभिवृद्धी गर्ने ।
- मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहायता सम्बन्धी सेवा प्रवाह गर्ने  तथा बालबालिका र उनीहरुका हेरचाहकर्ता बीच संवाद गर्ने सम्बन्धमा सहज वातावरण गराउनका लागी आवश्यक समन्वय गर्ने ।

- कोभिड - १९ बाट सुरक्षा प्रदान गर्नका लागी तयार गरिने वैकल्पिक योजनामा बाल सुरक्षाका लागी आवश्यक पर्ने व्यवस्थाहरु समावेश गराउने ।
- कोभिड १९ बाट बच्ने उपायहरुका सम्बन्धमा तयार गरिएको सूचना, शिक्षा तथा संवाद सम्बन्धी सामाग्रीहरु, तथा उपलब्ध सेवाहरु सम्बन्धी जानकारीहरुका निश्चित प्रतिलिपि बालमैत्री ढाँचामा तयार गरी प्रकाशन तथा प्रसारण गर्ने ।

## पानी, सरसफाई तथा व्यक्तिगत सरसफाई (वास) (सिपिएमएस मापदण्ड २६)

- स्वास्थ्य सेवाकेन्द्र, स्कुल, बालस्याहार केन्द्र, वैकल्पिक स्याहार केन्द्र र बालबालिकाले आवात जावत गर्ने अन्य स्थानहरुमा बालमैत्री तवरका हात धुने स्थानको उपलब्धताको सुनिश्चतताका लागी आवश्यक समन्वय गर्ने ।
- बालबालिका, उनीहरुका अभिभावक, हेरचाहकर्ता र शिक्षकहरु प्रति लक्षित पोस्टर, चित्रलेख ( ईन्फोग्राफिक) को तयारी गर्ने लगायत महामारी फैलनु भन्दा पहिले र महामारी फैलिईसकेपछि बालमैत्री तवरका व्यक्तिगत सरसफाईको प्रवर्द्धन गर्ने गतिविधिहरुको व्यवस्था गर्नका लागी आवश्यक समन्वय गर्ने ।
- **पानी**, सरसफाई तथा व्यक्तिगत सरसफाई सम्बन्धी सुविधाहरु सुरक्षित भए नभएको मुल्याकंन गर्ने र कुनै समस्या देखिएमा त्यसलाई सम्बोधन गर्नका लागी आवश्यक समन्वय गर्ने ।

## पोषण (<u>सिपिएमएस मापदण्ड २५</u>)

- क्वारेन्टाईन, एकान्तवास र स्वास्थ्य केन्द्रहरुमा रहेका बालबालिका र उनीहरुको परिवारका लागी खाद्यान्न तथा पोषणको उपलब्धताका लागी सहयोग गर्ने ।
- खाद्यान्न तथा पोषण सम्बन्धी केन्द्र (पसल, स्टोर, बजार) आदिमा खाद्यान्न तथा पोषणजन्य सामाग्रीहरु स्वस्थ्य ढंगे राखिएको नराखिएको जाँच गर्न तथा कुनै समस्या देखिएमा त्यसको सम्बोधन गर्नका लागी आवश्यक समन्वय गर्ने ।

## शिक्षा (सिपिएमएस मापदण्ड २३)

- टेलिभिजन, रेडियो वा ईन्टरनेट अनलाईन जस्ता दुरशिक्षाका माध्यमबाट स्कुल छुटेका कारणले बालबालिकाको शिक्षामा पार्ने असरलाई सिमित गर्ने ।
- स्याहार केन्द्र बन्द भएका कारणले बालबालिकाको नियमित स्याहार तथा शिक्षाका लागी समय छुट्याउन पर्ने बालबालिका तथा हेरचाहकर्ताका लागी काम गर्ने समय वा अवस्था लचिलो बनाउनका लागी सरकार तथा निजी क्षेत्रका रोजगारदातासँग वकालत गर्ने ।
- स्कुलमा पढ्ने बालबालिका र उनीहरुका अभिभावकलाई स्कुलका तर्फबाट स्वास्थ्य तथा सुरक्षा सम्बन्धी जानकारी वा सूचना प्रदान गर्दा भय, डर र त्रास कम हुने र यस्ता सूचनाको परिपालना बढाउनका लागी स्कुलहरु सँग आवश्यक कार्य गर्ने ।

- सुरक्षा सम्बन्धी विशेष आवश्यकता परेका बालबालिकाहरु लाई स्वास्थ्य उपचार केन्द्र वा उपर्युक्त निकायमा लिई जानका लागी बालबालिकामा देखिने समस्याका संकेत तथा लक्षणहरुको पहिचान गर्नका लागी शिक्षकहरुका लागी तालिमको व्यवस्था गर्ने ।
- शिक्षक तथा स्वयंसेवीहरुमा लैंगिक हिंसाको जोखिमको न्युनीकरण, लैगिंक शोषण र दुर्व्यवहार, बालबालिकाको सुरक्षा तथा उपर्युक्त स्थानमा पठाउने तरिकाको बारेमा ज्ञान तथा सीप रहेको कुरा सुनिश्चित गर्ने ।
- स्कुल तथा अन्य शिक्षण केन्द्रहरुमा बालमैत्री तवरका गुनासो तथा सुझाव पेटीकाको व्यवस्थाहरु गर्ने कार्यमा आवश्यक सहयोग प्रदान गर्ने ।
- स्कुलहरुमा बालबालिकाको सुरक्षा तथा समस्याहरुको व्यवस्थापन (केस म्यानेजमेन्ट), परिवारको पहिचान तथा पुर्नमिलन लगायतका उपलब्ध सेवाहरु सम्बन्धी जानकारीहरु सम्बन्धी कागजात तयार गर्ने, बाँड्ने तथा प्रदर्शन गर्ने ।
- शिक्षाका क्षेत्रमा काम गर्ने व्यक्ति तथा पक्षहरु सँग स्कुलमा हुन सक्ने समाजिक लांछना तथा बहिस्करणलाई सम्बोधन गर्नका लागी आवश्यक समन्वयात्मक कार्यहरु गर्ने ।

## २.२ बालबालिको सूरक्षा सम्बन्धी विशेष कार्यक्रमहरु :

कोभिड १९ महामारी फैंलदा विद्यमान मानवीय कार्य गर्दा बालबालिकाको सूरक्षा सम्बन्धी न्युनतम मापदण्ड तथा संक्रामक रोग फैंलदा बालबालिकाको सुरक्षा सम्बन्धी मार्गनिर्देशनलाई के कस्ता कार्यहरु तथा कार्यक्रमहरुले परिपूरण गर्दछन् ? जोखिम न्युनीकरणका अतिरिक्त हामीले समुदाय, परिवार, हेरचाहकर्ता तथा बालबालिकाहरुको क्षमता अभिवृद्धी तथा महामारीलाई सकारात्मक तरिकाले सामना गर्ने संयन्त्रको व्यवस्था गर्नुपर्दछ ।

<table>
<tr><th colspan="2">बाल सुरक्षाका लागी प्राथमिकतामा राखी गर्नुपर्ने कार्यहरु</th></tr>
<tr><th>तयारीसँग सम्बन्धीत कार्यहरु</th><th>सहायता सम्बन्धी कार्यहरु</th></tr>
<tr><td colspan="2">बालबालिकाको सुरक्षा सँग सम्बन्धीत रणनीतिहरु : बालबालिकाको सु-स्वास्थ्यका लागी व्यक्तिगत रुपमा तथा समुहमा गर्नुपर्ने गतिविधिहरु (सिपिएमएस मापदण्ड : १० र १५)</td></tr>
<tr><td>• अन्य व्यक्ति तथा संस्थासँग आवश्यक परामर्श गरी, बालबालिकाको मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयाता तथा शिक्षाका लागी वैकल्पिक व्यवस्था गर्ने ।</td><td>• कोभिड १९ ले निम्त्याउने बालबालिकाको सुरक्षा सँग सम्बन्धीत जोखिमहरुका सम्बन्धमा स्वास्थ्यकर्मी, शिक्षाकर्मी, बालबालिकको सेवा तथा बालबालिकाको मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयाता का क्षेत्रमा काम गर्ने व्यक्ति तथा कर्मचारीहरुलाई तालिम दिने ।<br>• बालबालिका र विशेष रुपमा क्वारेन्टाईनमा रहेका बालबालिकाका लागी मनोसामाजिक</td></tr>
</table>

| | |
|---|---|
| • हस्तक्षेपकारी कार्यक्रमहरुको तयारी गर्दा बालबालिका तथा किशोर किशोरीहरुसँग सरसल्लाह गर्ने । | सहयाता प्रदान गर्नका लागी उपर्युक्त रणनीतिहरुको पहिचान गर्ने ।<br>• उमेर तथा लैंगिक मैत्री सचेतनाका कार्यक्रमहरु चलाउने । |
| बालबालिकाको सुरक्षा सँग सम्बन्धीत रणनीतिहरु : परिवारको क्षमता अभिवृद्धी गर्ने तथा हेरचाहका लागी समुचित वातावरणको व्यवस्था गर्ने (सिपिएमएस मापदण्ड १६) | |
| • महामारीका दौरान बालबालिकालाई सुरक्षा दिने वा जोखिममा पार्ने सांस्कृतिक मान्यता तथा अभ्यासहरु भए नभएको बुझ्नका लागी बालबालिका, हेरचाहकर्ता र अन्य सरोकारवालासँग काम गर्ने ।<br>• अभिभावक बालबालिका बीच सहयतामूलक वातावरण अभिवृद्धी गर्नका लागी जनचेतना बढाउन सकिने विषय वा स्थानहरुको पहिचान गर्ने ।<br>• जोखिममा परेका बालबालिकाको सुरक्षाका लागी सम्बन्धीत निकायहरुसँगको सहकार्यमा निकायहरुले लागु गर्ने संयुक्त योजना बनाउने । | • अस्थायी हेरचाह केन्द्र र परिवार, बालबालिकानै मुख्य भई जिम्मेवारी निभाई रहेको परिवार, अनाथालय र बालबालिकालाई भावनात्मक सहायता प्रदान गर्ने आदिमा लक्षित भई सहायता प्रदान गर्ने ।<br>• आम्दानी गर्ने अवसर गुमाएका परिवारहरुका लागी आर्थिक तथा जिन्सी सहयोग गर्ने ।<br>• अभिभावक वा हेरचाहकर्ताबाट भौतिक रुपमा छुट्टिएर बस्नुपरेका बालबालिकाका लागी नियमित रुपमा अभिभावक वा हेरचाहकर्ता सँग संवाद गर्ने अवसरहरुको सृजना गर्ने र आपसी संवादलाई प्रोत्साहन गर्ने । |
| **बालबालिकाको सुरक्षा सँग सम्बन्धीत रणनीति : समुदायको स्तरमा गर्नुपर्ने कार्यहरु (सिपिएमएस मापदण्ड १७)** | |
| • जनचेतना अभिवृद्धी गर्न तथा बालबालिका तथा उनीहरुको परिवारको सुरक्षा गर्नका लागी समुदायले के गर्न सक्ने कार्यहरु पहिचान गर्ने ।<br>• जोखिममा रहेका समुहहरु (उदाहरणः शरणार्थी, वैकल्पिक स्याहरकेन्द्रमा रहेका बालबालिका, सामाजिक लांछना र बहिष्करणको जोखिममा रहेका व्यक्तिहरु) को पहिचान र सुरक्षाका लागी समुदायसँग कामहरु गर्ने । | • कोभिड - १९ सँग सम्बन्धीत जोखिमहरु र त्यस्ता जोखिमहरु सम्बोधनका गर्ने बाटोहरु सम्बन्धमा बालमैत्री सन्देशहरु तयार गर्न समुदायमा रहेर काम गर्ने ।<br>• समुदायमा भौतिक रुपमा उपस्थित नभईकन संवाद तथा सम्पर्क गर्नका लागी लचिला रणनीतिहरु तयार गर्ने ।<br>• समुदायसँग मिलेर सामाजिक लांछना हरु न्युनीकरण गर्ने, सामना गर्ने सुरक्षित उपायहरु खोज्ने तथा प्रभावित जनताहरुलाई सहायता प्रदान गर्ने । |
| **बालबालिकाको सुरक्षा सँग सम्बन्धीत रणनीति : समस्याको व्यवस्थापन ( सिपिएमएस मापदण्ड १८)** | |
| • समस्या समाधानका लागी खटिएका व्यक्ति | • आवातजावत मा रोकावट (लकडाउन) मा |

| | |
|---|---|
| (केस वर्कर्स) र विद्यमान बालबालिका सम्बन्धी हेल्पलाईनहरुलाई तथ्य तथा हल्लाहरुका सम्बन्धमा, बालबालिकाको सुरुक्षा सम्बन्धी सवालहरुमा तथा सहायता सम्बन्धी सेवाहरुका बारेमा आवश्यक तालिमहरु दिने ।<br>• अल्पसंख्यक समुदायका बालबालिका र भनेको सजिलै नसुन्ने बालबालिकालाई पनि समावेश गर्ने सम्बन्धमा रणनीतिको तर्जुमा गर्नका लागी स्वास्थ्यकर्मीहरु सँग काम गर्ने ।<br>• समस्या समाधानका लागी खटिएका व्यक्ति (केस वर्कर्स)लाई हुने जोखिमको न्युनीकरणका लागी अपनाउन सकिने उपायहरुको पहिचान गर्ने र घरमै गई प्रदान गर्ने फलो सेवा (होम भिजिट) को विकल्पहरु पहिचान गर्ने ।<br>• लैगिंक हिंसा विरुद्धको सेवा तथा अन्य विशिष्टिकृत सेवाहरुको ध्यानाकर्षण (रेफरल) लाई सहज बनाउने । | रहेका समुदायले नियमित रुपमा बाल मैत्री स्याहार सेवा तथा हिंसा भोगिरहनुपरेका बालबालिकाले पनि उपर्युक्त सेवाहरुमा पहुँच पाईरहेछन् भन्ने कुराको सुनिश्चता गर्ने ।<br>• बहिस्करणका कारणले झनै बढी जोखिममा रहेका बालबालिकाहरुको पहिचान गर्ने । (परिवारले हेरचाह नगरेका बालबालिका, शरणार्थी बालबालिका, आन्तरिक रुपमा शरणार्थी बनेका बालबालिका, आप्रवासी , सडकमा बस्ने काम गर्ने बालबालिका, अपांगता भएका बालबालिका)। |
| **बालबालिकाको सुरक्षा सँग सम्बन्धीत रणनीति : वैकल्पीक स्याहर सम्बन्धी सेवा (सिपिएमएस १९)** | |
| • बालबालिकाहरु परिवारबाट छुट्टिई बस्नुपर्ने अवस्थाको निवारणका लागी र हेरचाहकर्ता कोही नभएका वा छुट्टिएर बस्नुपरेका बालबालिकाहरुको हकमा सम्बन्धीत निकायको ध्यानाकर्षण गराउन सक्ने स्थानीय स्वास्थ्य कार्यकर्ता को पहिचान गरी तालिम दिई अनुगमन गर्ने ।<br>• कोभिड १९ महामारी को दौरान समुदाय स्तरमा हेरचाहकर्ता कोही नभएका वा छुट्टिएर बस्नुपरेका बालबालिकाहरुको हेरचाह गर्न सक्ने व्यक्तिहरुको पहिचान गरी आवश्यक तालिम प्रदान गर्ने ।<br>• बालबालिकाहरु परिवारबाट छुट्टिई बस्नुपर्ने अवस्था, परिवारको पहिचान तथा पुर्नमिलनका लागी काम गर्ने प्रणालीको क्षमता अभिवृद्धी गर्ने तथा हेरचाहकर्ता कोही नभएका वा छुट्टिएर बस्नुपरेका बालबालिकाहरुलाई परिवारमा आधारित | • सुरक्षित र परिवारमा आधारित स्याहार सम्बन्धमा आवश्यक व्यवस्था गर्ने । (संभवभएसम्म नाता गोता भित्रै)<br>• हेरचाहकर्ता बाट छुट्टिएर बसेका बालबालिकाको हकमा उनीहरुलाई नियमित रुपमा हेरचाहकर्ता सँग संवाद गर्ने व्यवस्था सुनिश्चित गर्ने ।<br>• परिवारले नबुझेर आफ्ना बालबालिकाको हेरचाहमा लापरवाही गर्ने वा हेरचाह नगर्ने अवस्थाको सृजना गर्न सक्ने सूचनाहरु नबाँड्ने ।<br>• लामो अवधिका लागी छुट्टिएर बस्ने अवस्था निवारणका लागी र पुर्नमिलनलाई सहज बनाउनका लागी लगत राख्ने प्रणालीको स्थापना गर्नका लागी सम्बन्धित निकाय सँग काम गर्ने । |

| | |
|---|---|
| वैकल्पिक स्याहारको व्यवस्था गर्ने । | |

## ३. सन्दर्भ स्रोतहरु

| | |
|---|---|
| ***Child Protection Area of Responsibililty of Child Protection Resource Menu for COVID -19*** | A collection of child protection related to COVID -19 response |
| ***Key messages and actions for coronavirus disease (COVID -19) prevention and control in schools.*** | Operational guidance on protecting children and schools from COVID -19 |
| ***INEE Resource page on Novel Coronavirus (COVID -19)*** | A collection of COVID 19 and education in emergencies resources. |
| ***ISAS MHPSS Reference Group's Briefing Note about MHPSS Aspects of COVID -19*** | A briefing note about MHPSS aspects of the 2019 novel corona virus (COVID 19) outbreak. |